नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, ललितपुर

तेस्रो त्रैमासिक प्रगति विवरण-२०८१/०८२

पृष्ठभूमि

संगठनात्मक रुपमा विभाग स्थापना हुनुपूर्व राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले वि.सं. २०३४ सालमा अर्थ मन्त्रालय भित्रै राजस्व अनुसन्धान महाशाखाको स्थापना भएको थियो । पछि राजस्व चुहावट नियन्त्रण गर्न एक विशिष्टीकृत निकायको रुपमा अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान विभागको स्थापना वि.सं. २०५० सालमा भएको हो । प्रारम्भमा कर राजस्व चुहावट सम्बन्धी अनुसन्धान, तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार पाएको विभागले आ.व. २०६५/६६ देखि गैर कर राजस्व चुहावट सम्बन्धी अनुसन्धान, तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार समेत प्राप्त गरेकोमा संघीयता कार्यान्वयनसँगै विभाग तथा मातहतका कार्यालयहरुबाट तीनै तहका कर तथा गैरकर राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धी कसूरको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने तथा सम्बन्धित निकायलाई निर्देशन दिने लगायतका कार्य गरिरहेको छ । साथै, नेपाल सरकारले विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि विभागका महानिर्देशक वा निजले तोकेको यसै विभाग वा अन्तर्गतका अधिकृतहरुलाई अनुसन्धान अधिकारी तोक्ने गरिएको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी विनिमय (नियमित गर्ने) नियमहरु, २०२० बमोजिम राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धी कसूरमा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार यस विभागलाई तोकिएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७४ फागुन १३ गतेको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेर विभाग क्रियाशील रहँदै आएको छ । विभागको कार्यालय ललितपुरको हरिहरभवनमा रहेको छ भने यस विभागअन्तर्गत चारवटा अनुसन्धान कार्यालयहरु (इटहरी, पथलैया, बुटवल र कोहलपुर) रहेका छन्।

विभाग र मातहतका कार्यालयहरूको चालु आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक अवधि सम्मको बजेट र खर्चको अवस्था देहाय बमोजिम रहेको छ।

(रू.हजारमा)

ब.उ.शी.नं.	खुद बजेट	खर्च	प्रतिशत
चालु तर्फ ३०१०५०११३	१६,८३.१७	११,५३.४३	६८.५२%
पुँजीगत तर्फ ३०१०५०११४	५७,००	२०,९३	३६.७१%

१. चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्ममा सम्पादित मुख्य कार्यको सारांशः

सि.नं.	अनुसन्धान शाखा/राजस्व अनुसन्धान कार्यालय	VCTS सम्बन्धी कारवाहीको सारांश		विदेशी विनिमय अपचलनतर्फका मुद्दा सम्बन्धी सारांश विवरण			राजस्व चुहावटको मुद्दा सम्बन्धी सारांश विवरण		
		संख्या	जरिवाना रू.	संख्या	जम्मा विगो रकम रू.	प्रतिवादी संख्या	संख्या	विगो रकम	प्रतिवादी संख्या
१	अनुसन्धान शाखा-१	१	२५०००	१९	३९९६८६०१.६९	२९	८	११८०१६४९४	२१
२	अनुसन्धान शाखा-२	२	१२५०००	०	०	०	०	०	०
३	अनुसन्धान शाखा-३	२	३०००००	३	४५७९९२८.६	१४	०	०	०
४	अनुसन्धान शाखा-४	३	१०००००	३	२१९२५२५.५	३	३	२८५६१८९८८	१३
५	योजना र अनुसन्धान शाखा-४	०	०	०	०	०	१	५४२००३३७	३
६	अनुसन्धान शाखा-५	१	५००००	१	११९७१७९	१	०	०	०
७	अनुसन्धान शाखा-६	०	०	०	०	०	०	०	०
८	अनुसन्धान शाखा-७	३	१५००००	१	७८७१७१	१	०	०	०
९	आर्थिक प्रशासन	०	०	०	०	०	०	०	०
१०	इटहरी	३१७	९३४५०००	२५	१८९६४९५३.१५	३५	३	८५८४५२१४.४७	४
११	कोहलपुर	४६५	१४०८५०००	६	२६३५९४२.७५	६	१	७१८३१६३	१
१२	पथलैया	१८४	७८३३०००	९	५८५३८०२.८	१०	१२	३८०५४७१७४.३	७८
१३	प्रशासन शाखा	३	३२५०००	२	६३४३३७७९३	३	१	३१४५४०५.४५	१
१४	प्रशासन र योजना शाखा	०	०	०	०		१	६९९१८०६९	२
१५	बुटवल	१३७	४८४५०००	३	१२७२३९२	५	५	६८६८२१४१	१४
१६	यो. अ. तथा ग. प. शाखा	२	१०००००	०	०	०	१	२७५५९२४५.६२	१
	जम्मा	११२०	३७२८३०००	७२	७११७९०२८९.५	१०७	३६	११००७१६२३२	१३६

२. <u>यस विभागबाट अर्धवार्षिक अवधिमा सम्पादन भएका प्रमुख कार्यहरुः</u>

(क) पहिलो त्रैमासीक अवधिः

१. गणेश दत्त वडु समेत ७ जना प्रतिवादी भएको राजस्व चुहावट (सुनचाँदी सम्बन्धी कारोवार) मुद्दामा रु. ३,५०,१५,५४१।३८ विगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम सतप्रतिशत जरिवाना रु ३,५०,१५,५४१।३८ गरी जम्मा रु.७,००,३१,०८२।७६ (अक्षेरेपी सात करोड एकतीस हजार बयासी रुपैया पैसा छयात्तर) मागदावीसहित मिति २०८१/०४/०९ मा उच्च अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

२. भारतीय नागरिक सुरजित भौमिक समेत ५ जना प्रतिवादी भएको राजस्व चुहावट (सुनचाँदी सम्बन्धी कारोवार) मुद्दामा रु ८,१५,१६,८३८।- विगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम सतप्रतिशत जरिवाना रु ८,१५,१६,८३८।- गरी जम्मा रु. १६,३०,३३,६७६।- (अक्षेरेपी सोह्र करोड तीस लाख तेत्तीस हजार छ सय छयात्तर) मागदावीसहित मिति २०८१/०४/१३ मा उच्च अदालत, पोखरामा मुद्दा दायर गरिएको ।

३. विदेशी विनिमय अपचलनको कसुरमा प्रतिवादी विकल पौडेल उपर रु ६१,१३,२१,१५३।२० विगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम विगोको तीन गुणाले हुने

जरिवाना रु १,८३,३९,६३,४५९।६० गरी जम्मा रु.२,४४,५२,८४,६१२.८०(अक्षेरेपी दुई अर्व चौवालीस करोड बाउन्न लाख चौरासी हजार छ सय बाह्र रुपैया पैसा असी) सजाय मागदावीसहित मिति २०८१/०६/१४ मा काठमाडौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।

४. विदेशी विनिमय अपचलनको कसुरमा विकल पौडेलकी एकाघरकी श्रीमती एलिना बस्नेत उपर रु. १,५२,७०,७४०।- विगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम विगोको तीन गुणाले हुने जरिवाना रु. ४,५८,१२,२२०।- गरी जम्मा रु.६,१०,८२,९६०।- (अक्षेरेपी छ करोड दश लाख बयासी हजार नौ सय साठी रुपैया) सजाय मागदावीसहित मिति २०८१/०६/१४ मा काठमाडौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको।

५. युवराज महादेव विभूतेसहित ३ जना भारतीय नागरिक र २ जना नेपाली नागरिक प्रतिवादी भएको राजस्व चुहावट (सुनचाँदी सम्बन्धी कारोबार) सम्बन्धी मुद्दामा रु २,०३,६७,११८।- विगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रु २,०३,६७,११८।- गरी जम्मा रु.४,०७,३४,२३६।-(अक्षेरेपी चार करोड सात लाख चौतीस हजार दुई सय छत्तीस रुपैया) सजाय मागदावीसहित मिति २०८१/०६/१५ मा उच्च अदालत, पाटनमा मुद्दा दायर गरिएको।

६. इन्द्र बहादुर दर्जी समेत प्रतिवादी भएको भेप चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रु. २,५५,४७,५५१।०५ विगो बरावरको भेप जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रु. २,५५,४७,५५१।०५ गरी जम्मा रु.५,१०,९५,१०२।१ (अक्षेरेपी पाँच करोड दश लाख पन्चानब्बे हजार एक सय दुई रुपैया दश पैसा) सजाय मागदावीसहित मिति २०८१/०५/३० मा उच्च अदालत, हेटौडामा मुद्दा दायर गरिएको ।

(ख) दोस्रो त्रैमासिक अवधिः

१. संदीप सर्राफ प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.१२,६७,६८,६४५.१।- विगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रू.१२,६७,६८,६४५.१।- गरी जम्मा २५,३५,३७,२९०.२।- (अक्षेरेपी पच्चीस करोड पैंतीस लाख सैंतीस हजार दुई सय नब्बे रूपैयाँ बीस पैसा) सजाय मागदावीसहित मिति २०८१/०८/०६ मा उच्च अदालत जनकपुर अस्थायी ईजलास वीरगञ्जमा मुद्दा दायर गरिएको।

२. जन्दार आलम समेत ६ जना प्रतिवादी भएको कपडा समेतका मालवस्तु चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.७५,००,१३७।- विगो बरावरको कपडा जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रू. ७५,००,१३७।- गरी जम्मा १,५०,००,२७४।- (अक्षेरेपी एक करोड पचास लाख दुई सय चौरहत्तर रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०९/०१ मा उच्च पाटन, हेटौंडा ईजलासमा मुद्दा दायर गरिएको।

३. भन्सार जाँचपासमा संलग्न चार जना कर्मचारीसहित ३४ जना प्रतिवादी भएको कपडा कुर्ता सुरवाल लगायतका मालवस्तु चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.५,३६,०२,४६६।- विगो बरावरको मालवस्तु

जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रू. ५,३६,०२,४६६।- गरी जम्मा १०,७२,०४,९३२।- (अक्षेरेपी दश करोड बहत्तर लाख चार हजार नौ सय बत्तीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०९/०३ मा उच्च अदालत जनकपुर, अस्थायी ईजलास, वीरगञ्जमा मुद्दा दायर गरिएको।

४. सुजित सराफ समेत २ जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.६७,३४,३७९।४७ विगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रू. ६७,३४,३७९।४७ गरी जम्मा १,३४,६८,७५८।९४ (अक्षेरेपी एक करोड चौंतीस लाख अठ्सठ्ठी हजार सात सय अन्ठाउन्न रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०९/१२ मा उच्च अदालत पाटन, हेटौंडा ईजलासमा मुद्दा दायर गरिएको।

५. अभिषेक अजिनाथ कुटे समेत ७ जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रु. १२,१२,९३,७२८।६५ विगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रु. १२,१२,९३,७२८।६५ गरी जम्मा रु.२४,२५,८७,४५७।३० (अक्षेरेपी चौबीस करोड पच्चीस लाख सतासी हजार चार सय सत्ताउन्न रुपैया तीस पैसा) सजाय मागदावीसहित मिति २०८१/०९/१८ मा उच्च अदालत पाटन, हेटौडा ईजलासमा मुद्दा दायर गरिएको ।

६. दान बहादुर गुरूङ समेत ५ जना प्रतिवादी भएको सम्बन्धी राजस्व चुहावटको मुद्दामा रु. ५८,१६,१८१।९२ विगो बरावरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगोको शत प्रतिशतले हुने जरिवाना रु. ५८,१६,१८१।९२ गरी जम्मा रु.१,१६,३२,३६३।८४ (अक्षेरेपी एक करोड सोह्र लाख बत्तीस हजार तीन सय त्रिसठ्ठी रुपैया चौरासी पैसा) सजाय मागदावीसहित मिति २०८१/०९/२६ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको ।

७. रानीसती इन्टरप्राइजेज समेत प्रतिवादी भएको भारतीय कपडाको कारोबार गर्दा चोरी पैठारी गरी बिल बिजक समेत जारी नगरी विक्री गरेको राजस्व चुहावटको मुद्दामा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रू.७५,४७,६३५।- बरावरको विगो र सोही ऐनको दफा २३(१) बमोजिमको विगोको शतप्रतिशत जरिवाना तथा कैद सजायको मागदावीसहित उच्च अदालत विराटनगरमा मिति २०८१/१०/०३ मा अभियोग पत्र दायर गरिएको।

८. रामकृष्ण वाइवासमेत पाँच जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.३,८०,९१,०००।- विगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज पाँच जना प्रतिवादीलाई जरिवाना जनही रू. ३,८०,९१,०००।- का दरले हुन आउने जम्मा १९,०४,५५,०००।- (अक्षेरेपी उन्नाईस करोड चार लाख पचपन्न हजार रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०८/०६ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

(ख) तेस्रो त्रैमासिक अवधिः

१. अलिम इन्टरप्राइजेज प्रतिवादी भएको चिनी चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.३,४३,३९,४३३।- विगो बरावरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम प्रतिवादीलाई जरिवाना रू. ३,४३,३९,४३३।- (अक्षेरेपी तीन

नेपाल सरकार
राजस्व अनुसन्धान
हरिहरभवन
२०५०

करोड त्रिचालीस लाख उनन्चालीस हजार चार सय तेत्तीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/१५ मा उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको।

२. सुनिल तामाङ समेत पाँच जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.१९,०४,५५,०००।- बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम पाँच जना प्रतिवादीहरूलाई जम्मा जरिवाना रू. १९,०४,५५,०००।- (अक्षेरेपी उन्नाईस करोड चार लाख पचपन्न हजार रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/०६ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

३. पदम प्रसाद पाण्डे प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.३,८६,३९,१२०।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. ३,८६,३९,१२०।- (अक्षेरेपी तीन करोड छयासी लाख उनन्चालीस हजार एक सय बीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/२० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

४. नेत्र खरेल समेत तीनजना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.१,३६,४७,१५०।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीहरूलाई जरिवाना जम्मा रू. १,३६,४७,१५०।- (अक्षेरेपी एक करोड छत्तीस लाख सत्चालीस हजार एक सय पचास रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/३० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

५. बुद्ध लामा समेत तीनजना प्रतिवादी भएको जुत्ता चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.५,४२,००,३३७।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीहरूलाई जरिवाना जम्मा रू.५,४२,००,३३७।- (अक्षेरेपी पाँच करोड बयालीस लाख तीन सय सैंतीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/११/११ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

६. शशांक खनाल समेत दुईजना प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.२,६०,५४,८५०।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीहरूलाई जरिवाना जम्मा रू. २,६०,५४,८५०।- (अक्षेरेपी दुई करोड साठी लाख चौवन्न हजार आठ सय पचास रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/११/१३ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

७. होम प्रसाद चालीसे प्रतिवादी भएको मदिरा कारोवारमा राजस्व चुहावट भएको मुद्दामा रू.२,७५,५९,२४५।६२ बिगो कायम गरी बिगो जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. २,७५,५९,२४५।६२ (अक्षेरेपी दुई करोड पचहत्तर लाख उनन्साठी हजार दुई सय पैंचालीस रूपैयाँ पैसा बैसठ्ठी) सजाय मागदावीसहित मिति २०८१/१२/१० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

८. चन्दन गुप्ता प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.२,२३,९८,२७६।७५ बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

प्रतिवादीलाई जरिवाना रू. २,२३,९८,२७६।७५ (अक्षेरेपी दुई करोड तेईस लाख अन्ठान्वे हजार दुई सय छयहत्तर रूपैयाँ पैसा पचहत्तर) सजाय मागदावीसहित मिति २०८१/१२/१३ मा उच्च अदालत जनकपुर, वीरगंज ईजालसमा मुद्दा दायर गरिएको।

९. चन्दन गुप्ता प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.२,२३,९८,२७६।७५ विगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. २,२३,९८,२७६।७५ (अक्षेरेपी दुई करोड तेईस लाख अन्ठान्वे हजार दुई सय छयहत्तर रूपैयाँ पैसा पचहत्तर) सजाय मागदावीसहित मिति २०८१/१२/१३ मा उच्च अदालत जनकपुर, वीरगंज ईजालसमा मुद्दा दायर गरिएको।

१०. रञ्जित रसाइली प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.७१,८३,१६३।- विगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. ७१,८३,१६३।- (अक्षेरेपी एकहत्तर लाख त्रियासी हजार एक सय त्रिसठ्ठी रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१२/०६ मा उच्च अदालत तुलसीपुरमा मुद्दा दायर गरिएको।

११. आर्थिक वर्ष २०८१/८२ को तेस्रो तैमासिक अवधि (साउनदेखि चैत्र मसान्त सम्म) मा विदेशी विनिमय तर्फ ७२ वटा मुद्दामा रू.७१,१७,९०,२८९/- (एकहत्तर करोड सत्र लाख नब्बे हजार दुई सय उनन्नब्बे रूपैया) बराबरको विगो कायम गरी १०७ जना प्रतिवादी उपर विभिन्न मितिमा विभिन्न अदलतहरूमा मुद्दा दायर गरीएको।

१२. आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधि (साउनदेखि चैत्र मसान्त सम्म) मा चोरी पैठारी भई आएका, भन्सारबाट जाँचपास भई आएका तथा विभिन्न ट्रान्सपोर्ट कम्पनीहरुबाट ढुवानी भई आएका ढुवानी साधनहरु समेतको चेकजाँच गरी मूल्याङ्कन, वर्गीकरण र परिमाण समेतको कैफियत हेरी जम्मा रु. ७९,२७,२९,०९१।- (उनन्नब्बे करोड सत्ताईस लाख उन्तीस हजार एकान्नब्बे रूपैया) धरौटी माग गरिएको।

१३. विदेशी विनिमय अपचलनतर्फ विगत आ.व.को लगत सहित चालु आ.व.को चैत्र मसान्तसम्ममा प्राप्त भएका ५५८ वटा उजुरीहरूको विस्तृत छानबिन र अनुसन्धान सम्पन्न गरी ७२ वटा मुद्दामा विगो रू.७१,१७,९०,२९१/- (एकहत्तर करोड सत्र लाख नब्बे हजार दुई सय एकानब्बे रूपैया) कायम गरी सोको तीन गुणासम्मको सजाय मागदावी समेत रू.२,१३,५३,७०,८७२/- (दुई अर्ब तेह्र करोड त्रिपन्न लाख सत्तरी हजार आठ सय बहत्तर) कायम भई १०७ जना प्रतिवादीहरूउपर मुद्दा दायर गरिएको छ।

१४. मालवस्तु ढुवानी तथा अनुगमन प्रणाली (VCTS) तर्फ ११२० वटा फर्महरूलाई जरिवाना गराइएको तथा उक्त कसुरमा रू.३,७२,८३,०००/- (तीन करोड बहत्तर लाख त्रियासी हजार) जरिवाना गरी राजस्व संकलन गरिएको छ। चैत्र मसान्तसम्म VCTS प्रयोगकर्ताको संख्या २ लाख ८७ हजार र चालु आ.व.मा VCTS मा दर्ता भएका कन्साइन्मेन्टको संख्या ८२ लाख ५८ हजार पुगेको छ। साथै, चैत्र मसान्तसम्म राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी र समयसापेक्ष बनाउन २ (दुई) पटक नागरिक सचेतना तथा सरोकारवालाहरूसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। VCTS अनुगमन प्रभावकारी बनाइँदा चोरी पैठारी/निकासी तथा अबैध ओसार-पसारमा कमी आई कर कानुन परिपालनमा बृद्धी भएको र त्यसको सकारात्मक प्रभाव राजस्व संकलनमा देखिएको छ।

१५. जफत भएका मालवस्तु तथा ढुवानी/सवारीका साधानहरु लिलाम बिक्री गर्न उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल बनाई लिलाम बिक्री कार्य भइरहेको। चालु आ.व.को चैत्र मसान्तसम्ममा २० वटा लिलामी सूचनाबाट एउटा कार, एउटा ट्रक र ६ वटा मोटरसाइकल समेतका मालवस्तु बिक्रीबाट रू.१,०५,३२,७८१/- (एक करोड पाँच लाख बत्तीस हजार सात सय एकासी) राजस्व दाखिला भएको। साथै, लिलाम सूचना नं. ९ र १० बाट जम्मा १३ ट्रक र अन्य मालवस्तु समेतको जम्मा मूल्य रू. ४,४८,१८,४१८ (चार करोड अठ्चालीस लाख अठार हजार चार सय अठार रूपैया) बराबरको सूचना प्रकाशित भई लिलाम बिक्रीको क्रममा रहेको।

१६. कार्यालयहरुबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागका शाखाहरुमा काम बाँडफाँड गरी अनुसन्धान अधिकृत तोक्ने, लिलाम बिक्रीको स्वीकृति प्रदान गर्ने तथा प्रारम्भिक र अन्तिम अनुसन्धान प्रतिवेदन अध्ययन तथा जाँच गरी स्वीकृति गर्ने व्यवस्था मिलाइएको ।

१७. प्राप्त उजुरी/सूचनाहरूलाई Screening Committee मार्फत छलफल गरी थप अनुसन्धान गर्ने, लेखी पठाउने वा तामेलीमा राखे निर्णय गर्न सबै अनुसन्धान शाखाहरूलाई बाँडफाँट गरिएको।

१८. भन्सार तथा कर राजस्व चुहावटमा संलग्न व्यक्ति/निकायको forward तथा backward linkage पहिचान गर्दै चुहावटमा संलग्न सबैलाई अनुसन्धानमा ल्याइएको।

१९. भन्सार तथा आन्तरीक राजस्व कार्यालयहरूबाट कार्य सम्पादन गर्दा देखिएका त्रुटी/कमजोरीहरू सुधार गर्न/सच्याउनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित विभाग/कार्यालयमा लेखि पठाइएको।

२०. २० करोड भन्दा बढीको ८६४०० थान भेप पक्राउ गरी अनुसन्धान भइरहेको छ भने रु. २५ करोडको विदेशी विनिमय अपचलनको अनुसन्धान सम्पन्न गरी अभियोजन गरिएको ।

३. वार्षिक समीक्षा/ MDAC र Post MDAC को निर्णय कार्यान्वयनको प्रगति स्थितिः-

मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को मिति २०८१।०५।०९ मा बसेको बैठकको निर्णयानुसार यस विभागले देहायका कार्यहरु सम्पादन गरेको ।

क) मिति २०८१/०५/०९ गते सम्पन्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरुको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकको निर्णयको बुँदा नं. ४ मा उल्लेख भए बमोजिम भन्सार स्वचालित प्रणाली, एकीकृत कर प्रणाली, केन्द्रीय बीजक अनुगमन प्रणाली, वेबमा आधारित केन्द्रीय सूचना प्रणाली लगायतका प्रणालीहरुबीच अन्तर आवद्धता कायम गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका सूचना प्रविधि महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा समिति निर्माण भई अध्ययन अगाडि बढाएको। सोही बैठकको बुँदा नं. ६ को निर्णयानुसार यस विभागले कर तथा गैरकर राजस्व चुहावटका प्रमुख क्षेत्रहरु पहिचान गरी चुहावट नियन्त्रणमा नतिजा देखिने गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यहरु अगाडि बढाएको ।

ख) POST MDAC को निर्णयको बुँदा नं. (च) मा उल्लेख भए बमोजिम विभागमा विभिन्न निकाय र स्रोतबाट प्राप्त उजूरीहरुलाई स्क्रिनिङ्ग कमिटिमा पेश गरी छलफल पश्चात् अनुसन्धान अधिकृत तथा सहायक कर्मचारी

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

तोकी अनुसन्धानको कार्य अगाडि बढाइएको। प्राप्त उजुरीलाई उजुरीको प्रकृति हेरी अनुसन्धान गर्ने, तामेलीमा राख्ने वा सम्बन्धित निकायमा लेखी पठाउने गरी वर्गीकरण समेत गर्ने गरिएको ।

ग) मिति २०८१।०८।०६ गते सम्पन्न प्रथम त्रैमासिक समीक्षा/MDAC बैठकका निर्णयको सि.नं. १ को निर्णयानुसार यस विभागमा उपलब्ध स्रोत र साधनको महत्तम प्रयोग गरी विभाग तथा मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउँदै लगिएको ।

घ) VCTS, ASYCUDA र ITS बारे अन्तर आवद्धता कायम गरी अनुसन्धान तथा तहकिकातलाई वस्तुनिष्ठ बनाउँदै लगिएको ।

ङ) आ.व. २०८१/८२ मा यस विभागले सम्पन्न गर्नुपर्ने कार्यहरुको वार्षिक कार्ययोजना(माइलस्टोन) तयार गरी सोही अनुरुप कार्य सम्पादनमा जोड दिइएको।

च) सम्माननीय प्रधानमन्त्रीज्यू र श्रीमान् मुख्य सचिवज्यूबीच भएको कार्यसम्पादन सम्झौता बमोजिमका यस विभागसँग सम्बन्धित कार्य सम्पादन भएको ।

छ) विभागबाट सम्पादन भएका कार्यहरुको गोपनियता कायम गरिएको, अनुसन्धान कार्यालयहरुबाट प्रतिवेदन लिने तथा तत्काल अनुसन्धान अधिकृत तोकी अनुसन्धान प्रक्रियालाई अगाडि बढाइएको ।

४. राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ५१, ५२ र ५३ औं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति स्थितिः-

उल्लेखित बैठकहरु मध्ये ५१ र ५२ औं बैठकका निर्णयहरुको यस विभाग र मातहत कार्यालयहरुसँग सम्बन्धित नदेखिएको । ५३ औं बैठकको सि.नं. १० को निर्णयानुसार राष्ट्रिय आयोजना बैंकमा आयोजनाहरु प्रविष्टि गरिने।

५. चालु आर्थिक वर्षका माइलस्टोन कार्यान्वयनको अवस्था:

राजस्व चुहावटतर्फ (मुद्दा दायर)			
सि.नं.	विवरण	माइलस्टोन अनुसारको लक्ष्य	प्रगति
१	उजुरी फछ्यौंट प्रतिशत	७५	५०.७८
२	मुद्दा दायर संख्या		३६
३	विगो रकम रु.		११००७१६२३१
४	सजाय मागदावी रकम रु.		११००७१६२३१
५	प्रतिवादी संख्या		१३६
अनुसन्धानको क्रममा माग भएको धरौटी रकम			
१	सूचना दर्ता संख्या		८४३
२	माग भएको धरौटी रकम रू.		७९२७२९०९१
विदेशी विनिमय अपचलनतर्फ			
१	उजुरी फछ्यौंट प्रतिशत	७५	१५.४१
२	मुद्दा दायर संख्या		७२
३	विगो रकम रु.		७११७९०२९१
४	सजाय मागदावी रकम		२१३५३७०८७२

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

५	प्रतिवादी संख्या		१०७
VCTS अपचलनमा जरिवाना गरिएकोतर्फ			
१	फर्म/कम्पनी संख्या	६७५	११२०
२	जरिवाना रकम रु.		३७२८३०००
नागरिक सचेतना कार्यक्रम			
१	नागरिक सचेतना तथा सरोकारवाहरूसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम	५	२
गस्ती परिचालनतर्फ			
१	संख्या	१५००	२३७१
कन्साइन्टमेन्टतर्फ			
१	VCTS कन्साइन्टमेन्ट प्रयोगकर्ताको संख्या (लाखमा)	२.६८	२.८७
२	VCTS कन्साइन्टमेन्टको संख्या (लाखमा)	७५	८२.५८

६. (क) महालेखा परीक्षकको ६१ औं प्रतिवेदनले औंल्याइएको बेरुजूको अवस्था:-

महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदन अनुसार, आ. व. २०७९/०८० र सो भन्दा अघिल्ला वार्षिक वर्षहरुको यस विभाग र मातहतका राजस्व अनुसन्धान कार्यालयहरुको कुल बेरुजू र बेरुजू फर्छ्यौटको विवरण देहायअनुसार रहेको छ।

रकम रु.

आ.व. २०७९/०८० सम्मको फछ्यौट गर्नुपर्ने कुल बेरुजू रकम	३,६७,८८,७९२.५१
आ.व. २०७९/०८० मा फछ्यौंट भएको बेरुजू रकम	७६७४९५८.००
आ.व. २०७९/०८० मा संपरीक्षण लागि पेश भएको रकम	१,११,१६,६४३.४१
प्रगति प्रतिशत (संपरीक्षणका लागि पेश भएको समेत)	५१.०७%

(ख) महालेखापरीक्षकको ६१ औं प्रतिवेदनले उठाएका सवाल र कार्यान्वयनको स्थितिः

१. महालेखापरीक्षकको ६१ औं प्रतिवेदनको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको १७, १८ र १९ औं बुँदाले औंल्याए बमोजिम यस विभागको अनुसन्धान तथा तहकिकात क्षमता सुदृढ गर्ने कार्य गरिएको ।

२. राजस्व चुहावटका सम्भावित क्षेत्रहरु पहिचान गरी सोको नियन्त्रण गर्न रणनीति तयार गर्ने कार्य अगाडि बढाइएको ।

३. विभागबाट दायर भएका मुद्दाहरुमा फैसलाको स्थितिबारे जानकारी लिने, थप छानबिन तथा अनुसन्धानका लागि भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा लेखी पठाइएकोमा तत् तत् कार्यालयहरुबाट निर्णय गरी यस विभागलाई उपलब्ध गराउने र जानकारी प्राप्त नभएकाको हकमा उच्च सरकारी वकील कार्यालयबाट पुनरावेदन(सम्मानित सर्वोच्च अदालत)मा गरिएको विषयमा जानकारी लिने गरिएको।

७. समस्या/चुनौती तथा समाधानका उपायहरु:-

क) विभागले सम्पादन गरेका कामहरू:

- चालु १६ औं योजनाको लक्ष्य तथा उद्देश्य बमोजिम विभागले आफ्नो रणनीति, कार्यनीति, कार्ययोजना तथा नतिजा खाका तयार गरी कार्यान्वयनमा ल्याइएको।
- OPMCM बाट माग भएबमोजिमका मासिक विवरण, १०० दिने, २०० दिने, मासिक, त्रैमासिक, अर्धवार्षिक लगायतका प्रगति विवरणहरू नियमित रूपमा तयार गरी पठाइएको।
- सम्पत्ति शुद्धीकरण सम्बन्धमा यस विभागले गरेका अनुसन्धानात्मक कार्यहरूका बारेमा नियमित रुपमा Reporting गरिएको।
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी छलफल, अन्तरक्रियामा सहभागिता जनाइएको तथा विभाग र मातहतले समेत यस्ता प्रकृतिका कार्यक्रम गर्दै आइएको ।
- राजस्व चुहावट हुन सक्ने क्षेत्र पहिचान गरी नियमित/आकस्मिक गस्ती परिचालन, खानतलासी, मालवस्तु जफत, पक्राउ गरी अनुसन्धान कार्यलाई फराकिलो बनाइएको।
- CMIS मा सबै सूचना तथा उजुरीहरू प्रविष्टि गरिएको।
- जफत भएका मालवस्तु तथा ढुवानी/सवारीका साधानहरु लिलाम बिक्री गर्न उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल बनाई लिलाम बिक्री कार्य भइरहेको ।
- कार्यालयहरुबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागका शाखाहरुमा काम बाँडफाँड गरी अनुसन्धान अधिकृत तोक्ने, लिलाम बिक्रीको स्वीकृति प्रदान गर्ने तथा प्रारम्भिक र अन्तिम अनुसन्धान प्रतिवेदन अध्ययन तथ जाँच गरी स्वीकृति गर्ने व्यवस्था मिलाइएको ।
- विभागको आन्तरिक सूचना संयन्त्र तथा बाह्य उजुरीहरूलाई व्यवस्थित बनाइएको।

ख) विभागले गरेका नवीन कार्यहरू:

- प्राप्त उजुरी/सूचनाहरूलाई Screening Committee मार्फत छलफल गरी थप अनुसन्धान गर्ने, लेखी पठाउने वा तामेलीमा राखे निर्णय गर्न सबै अनुसन्धान शाखाहरूलाई बाँडफाँट गरिएको।
- विभागमा प्राप्त उजुरी, सूचनालाई CMIS प्रणालीमा राखी अनुसन्धानका प्रत्येक चरणहरू इन्ट्रि गर्ने व्यवस्था गरिएको।
- विभाग तथा कार्यालय परिसरमा लामो समय सम्म रहेका सवारी/ढुवानी साधनहरू लिलाम गर्ने उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल गठन गरी लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाई वस्तु/सवारी साधन लिलाम बिक्री भएको।

१०

- भन्सार तथा कर राजस्व चुहावटमा संलग्न व्यक्ति/निकायको Forward तथा Back Ward Linkage पहिचान गर्दै चुहावटमा संलग्न सबैलाई अनुसन्धानमा ल्याइएको।
- जोखिममा आधारित अनुसन्धानमा जोड दिइएको ।
- VCTS (Vehicle & Consignment Tracking System), ASYCUDA (Automated System for Customs Data) र ITS (Integrated Tax System) बीचको अन्तरआवद्धता प्रभावकारी बनाउन जोड दिइएको।

ग) राजस्व चुहावट नियन्त्रणका समस्या/ चुनौतीहरु:

- आर्थिक अपराधको अनुसन्धान गर्न सक्ने पर्याप्त दक्ष जनशक्तिको कमी हुनु, कर्मचारीहरु निरन्तर सरुवा हुँदा कार्यसम्पादनमा असर पर्नु,
- अनुसन्धान, अभियोजन तथा वहस पैरवीमा प्रभावकारी समन्वयको कमी हुनु,
- आर्थिक अपराध एवम् राजस्व चुहावट नियन्त्रण गर्ने कार्यालय संख्या कम हुनु (सबै प्रदेशमा कार्यालय नुहनु),
- भन्सारको आशिकुडा, आन्तरिक राजस्व विभागको ITS तथा यस विभागको VCTS प्रणालीबीच स्वचालित तवरले तथ्यांक आदान प्रदान हुने प्रणाली नहुनु,
- राजस्व चुहावटका नयाँ प्रवृत्तिहरुको अनुसन्धानका लागि दक्ष जनशक्ति र स्रोत, साधनको अभाव हुनु ।
- नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार ठूलो भएकाले यसलाई औपचारिक क्षेत्रमा ल्याउन नसक्नु ।

घ) समाधानका उपायहरु:

- प्रतिवेदन लेखन कार्य, अनुसन्धान तथा अभियोजनमा राजस्व अनुसन्धान विभाग तथा क्षेत्रीय कार्यालयहरुबीच समन्वय गरी अनुसन्धान कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याई एकरुपता कायम गर्ने ।
- आर्थिक अपराधको अनुसन्धान क्षमता वढाउन कर्मचारी सरुवा, पदस्थापन र तालिम सञ्चालनमा विशेष सजगता अपनाउने।
- आर्थिक अपराध बढी हुने क्षेत्रलाई समेटी कार्यालय स्थापना गर्ने (सवै प्रदेश वा मुख्य आर्थिक क्षेत्र) प्रभावकारी व्यवस्थापन सर्वेक्षण गरी कार्यालय स्थापना गर्नुपर्ने ।
- विभाग तथा कार्यालयको भौतिक पूर्वाधार तथा साधन स्रोतको थप व्यवस्थापन गर्ने ।
- २४ सै घण्टा उच्च जोखिम लिएर काम गर्नुपर्ने हुँदा विगतको जोखिम भत्ता (प्रोत्साहन भत्ता) प्रणाली लागु गर्नु पर्ने।
- VCTS (Vehicle & Consignment Tracking System) प्रणालीको Asycuda (Automated System for Customs Data) र ITS (Integrated Tax System) सँग अन्तर आबद्धता थप प्रभावकारी बनाउने ।
- VCTS Software को क्षमता विकास गर्ने।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार राजस्व गस्तीको रुपमा APF को वेश हाल विभाग र मातहतमा तदर्थ रुपमा कार्यरत रहेको हुँदा छुट्टै कार्यविधि तयार गरी लागू गर्नुपर्ने ।
- राजस्व अनुसन्धान विभागमा डिजिटल ल्याबको स्थापना गर्नुपर्ने ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान वि... हरिहरभवन २०४०

८. आगामी कार्यदिशाः

- VCTS, ITS र ASYCUDA बीच Integration का लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, भन्सार विभाग र आन्तरिक राजस्व विभागसँग समन्वय गरी अन्य विभागका सूचनाहरू स्वचालित रूपमा VCTS प्रणालीमा आउने व्यवस्था गर्ने,
- CMIS लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने,
- विभागले गर्ने अनुसन्धान, अभियोजन सम्बन्धी द्विविधा अन्त्य गर्न कार्यविधि निर्माण गरी लागू गर्ने,
- विभाग र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कर, भन्सार लेखा प्रणालीका साथै अनुसन्धान तथा अभियोजनका सम्बन्धमा तालिम प्रदान गर्ने,
- विभागलाई आवश्यक पर्ने भौतिक पूर्वाधार, मेसिनरी Equipment खरिद गरी अनुसन्धान कार्यलाई प्रभावकारी र वस्तुनिष्ठ बनाउने,
- VCTS को स्तरोन्नती गर्ने तथा GPS मार्फत ढुवानी हुने मापदण्ड तयार गरी लागू गर्ने गरी पूर्वाधार तयार गर्ने,
- राजस्व चुहावटका जोखिमका क्षेत्रहरू पहिचान गर्ने र रणनीतिक रूपमा हस्तक्षेप गर्ने विभागको क्षमता, दायरा र स्रोत साधनमा बढोत्तरी गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
राजस्व अनुसन्धान
हरिहरभवन
२०५०